मिति २०७८/०५/२९ वैठक संख्याः ७६

आज मिति २०७८/०५/२९ गते बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री दुर्गा बहादुर राना (प्र. प्राचार्य)

## देवघाट गाउँपालिका

**वैठक संख्या ७६** **मितिः २०७८/०५/२९**

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी ................
२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखरामा पर्न गएको उजुरीका सम्बन्धमा कार्यालयको राय प्रतिक्रिया सम्बन्धमा ।
३. गत आ.व.को मनसुनजन्य विपदबाट क्षती भएका घरधुरीहरुको (मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७) बमोजिम थप विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने सम्बन्धमा ।
४. यस वर्षको मनसुनजन्य विपदबाट क्षति भएको विवरणहरु वडा तहबाट संकलन गरी विवरण पठाउने सम्बन्धमा ।
५. स्थानीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम वडा वा समुदायस्तरमा विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने सम्बन्धमा ।
६. गाउँपालिका अन्तर्गतका सडक मर्मत सम्भार गर्ने सम्बन्धमा ।
७. युनिसेफबाट प्राप्त रकमको म्याद थपका लागि अनुरोध गर्ने सम्बन्धमा ।
८. शालीग्राम करिडोर मो.मार्ग निर्माणका क्रममा श्री चक्रवर्ती आ.वि. को संरचना सम्बन्धमा ।
९. स्वास्थ्य कर्मिको जोखिम भत्ता सम्बन्धमा ।
१०. बर्थिङ्ग सेन्टरहरुमा काम गर्ने स्वास्थ्यकर्मीहरुको लागि बिदाको दिनमा कार्य गरे बापत दिईने प्रोत्साहन रकम सम्बन्धमा ।

**निर्णयहरु:**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. यस कार्यालयको कामको विषयमा उजुरी परी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट प्राप्त भएको पत्र संख्या ०७८/०७९, च.नं. PKR-7879-1608, मिति २०७८/०४/१५ गतेको पत्र र सोही कार्यालयको पत्र संख्या २०७८/०७९, च.नं. PKR-7879-1608 गतेको राय प्रतिकृया सहित कागजातहरु पठाउने व्यहोराका दुई वटा पत्र जानकारीको लागि पेश गरिएकोमा दुवै पत्रमा उल्लेखित उजुरीका विषयहरुको बुँदागत रुपमा जानकारी भइ उल्लेखित विषयको सम्बन्धमा कार्यालयबाट गरिएको काम कारवाही सँग सम्बन्धित अभिलेख कागजातहरुको आधारमा देहाय अनुसार बुँदागत रुपमा छलफल र समीक्षा सहित कार्यालयको राय प्रतिकृयाको सम्बन्धमा निर्णय गरियो ।
   क) मिति २०७८/०४/१५ गतेको पत्रमा उल्लेख भए अनुसारको उजुरीको विषयमा उक्त कामसँग सम्बन्धित श्रेष्ता अभिलेख र कागजातहरुको अध्ययन गर्दा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत कानून, कार्यविधि स्वीकृत गरी विभिन्न मितिका गाउँसभा र कार्यपालिकाको

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

बैठकबाट निर्णयहरु गरी नियमित प्रशासनिक कार्य सम्पादन गर्ने सन्दर्भमा असल नियतका साथ आन्तरिक आयलाई विशेष प्राथमिकतामा राखी कानून, विधि र प्रक्रिया अनुसार रित पूर्वक ठेक्का व्यवस्थापनका कार्यहरु सञ्चालन गरिएको हो । घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी र स्वीकृत गरी बोलपत्र, शिलबन्दी दरभाउपत्र लगायतका सूचना आह्वान गरी नियमानुसार ठेक्का लगाइ सम्झौता गरिएको, नदीजन्य पदार्थ व्यवस्थापनको सम्बन्धमा मेशिनरी उपकरण प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०७७ स्वकृीत गरी तोकिए बमोजिमको कार्य प्रक्रिया अपनाई मेशिनरी औजारको प्रयोग गर्न अनुमति दिने गरिएको, सहयोग र सहजीकरण गरिदिनको लागि जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला अनुगमन समिति, तनहुँ, जिल्ला प्रशासन कार्यालय, तनहुँलाई अनुरोध गरिएको, आवश्यकतानुसार अनुगमन समितिबाट स्थलगत अनुगमन र निरीक्षण गरी आवश्यकतानुसार निर्देशन दिने, समन्वय र सहजीकरण गर्ने गरिएको र प्रहरीबाट चाबी बुझाउन ल्याएको अवस्थामा तत्काल दुवै पक्षको उपस्थिति र रोहवरमा छलफल र समन्वय गरी गाउँपालिकाबाट पूर्व स्वीकृति वा अनुमति लिइ प्रयोग गरेको अवस्था देखिएमा मौखिक सहमति गरी चावी बुझाइ तोकिए बमोजिमको प्रक्रियाको अनिवार्य रुपमा पालना गर्न लगाइएको हो । ठेक्का व्यवस्थापनसँग सम्बन्धित कुनै पनि कार्यमा कुनै पनि किसिमको अनुचित र गैरकानुनी मिलेमतो र स्वार्थबाट प्रभावित भइ गाउँपालिकाबाट कामकारवाही गरिएको छैन । साथै निम्न कामकारवाहीका विषयलाई समेत संक्षिप्त रुपमा समावेश गरी पठाउने निर्णय गरियो ।

१) गाउँपालिकाबाट ठेक्का लगाउनको लागि ३० दिने इ-विडिंग मार्फतको बोलपत्र र त्यसपछिका २/२ पटकका पुनः बोलपत्रबाट सूचना आह्वान गर्दा पनि समयमै सबै घाटहरुको ठेक्का लाग्न नसकेको अवस्थामा बाध्यात्मक रुपमा घाट खुला गर्ने लगायतका विशेष व्यवस्था गरी आन्तरिक आय संकलनको लागि विशेष पहल गरिएको थियो ।

२) आ.व. २०७६/०७७ मा भएको ठेक्का सम्झौताको कार्य शुरु नगरेको प्रतिवेदनका आधारमा विशेष अवस्थामा विशेष तयारी गरी कार्यपालिका बैठकबाट निर्णय गरी मिति २०७७/०३/१५ गतेको गाउँसभाबाट अवस्था र कारण खोली भुवनटार र कालीभतेरीघाटबाट आर्थिक वर्ष २०७७/०७८ मा उत्खनन् गर्न दिने र बढी भएको परिमाणको ठेक्का लगाउने गरी निर्णय गरिएको थियो ।

३) आय संकलनको लागि नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी स्थानीय राजश्व संकलनलाई विशेष प्राथमिकतामा राखी विशेष अवस्था र परिस्थिति परेको हुँदा सोही अनुसारका प्रयास सहितका कार्यहरु गर्नको लागि गाउँ सभा र कार्यपालिका वैठकबाट कानून कार्यविधि स्वीकृत गरिएको छ ।

४) आवश्यकता अनुसार पटक-पटक बोलपत्र आव्हान हुँदा घाटहरुको ठेक्का सम्झौता नहुँदाको अवस्थामा वार्षिक बजेट र कार्यक्रम नै प्रभावित भइ स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था रहेको, पुनः ठेक्का लगाउनलाई समय निकै कम रहेको र गाउँपालिकाको आन्तरिक आय स्रोतबाट व्ययभार हुने गरी स्वीकृत गरिएका योजना कार्यक्रम र प्रशासनिक कामका विषयहरुमा भुक्तानी दिन सकिने रकम अभाव भएको, कोभिड १९ संक्रमण र यसले पारेको प्रभावले समेत बजेट र कार्यक्रमलाई गम्भिर असर परेको अवस्थामा दैनिक परिमाण तोकी गाउँपालिकाबाट स्वीकृत गरेको न्यूनतम रकम

नरहरि मापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

कार्यालयमा राजश्व दाखिला गर्न लगाई इच्छुक सन्ध्या सन्देश निर्माण सेवालाई भुवनटार घाटको माथिल्लो खण्ड र कालीभतेरी घाटको माथिल्लो खण्डमा रहेको मौज्दात मध्येबाट दैनिक २५० घ.मी. का दरले ३० दिनमा ७,५०० घ.मी. उत्खनन गर्नको लागि प्रति घ.मी. रु. २०० राजश्व दाखिला गर्न लगाई कार्यादिश दिने गरी मिति २०७८।१।२७ गतेको गाउँ कार्यपालिका बैठकबाट निर्णय भएको हुँदा सोही बमोजिम मिति २०७८।२।२ गते सम्झौता र कार्यादिश दिइ कार्य सञ्चालन गरिएको

५) ठेक्का व्यवस्थापन लगायतका विषयमा आवश्यकता अनुसार स्थानीय समुदाय, सरोकारवाला पक्ष, राजनीतिक दलका प्रमुख र प्रतिनिधि समेतको उपस्थितिमा आवश्यक छलफल, समीक्षा र निर्णय अनुसार सर्वदलीय एवं सर्वपक्षीय सहभागितामा स्थलगत अनुगमन र निरीक्षण गरी प्राविधिक कर्मचारीबाट नाप जाँच सहितको विवरण तयार गरिएको थियो, मिति २०७८।२।२० गते कार्यालयबाट भएका सबै कार्य प्रक्रियाको बारेमा सरोकारवाला पक्षलाई जानकारी गराइएको र माग गरिएका सबै विवरणहरु लिखित रुपमा नै उपलब्ध गराईको थियो ।

६) नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनको विषयमा मिति २०७८।२।२० गते गाउँपालिका अध्यक्ष श्री दुर्ग बहादुर थापाबाट हार्दिक अपिल जारी भएको र मिति २०७८।२।२१ गतेको कार्यपालिका बैठक बसी आवश्यक छलफल र समीक्षा भइ उक्त अपिलको व्यहोरालाई अनुमोदन गर्ने निर्णय भएको । साथै सरोकारवाला पक्षहरुलाई प्रवक्ता श्री याल बहादुर गुरुङ्गबाट जानकारी समेत गराइ अध्यक्षज्यूको कार्यकक्षमा छलफल र समीक्षा समेत गरिएको थियो ।

७) मिति २०७८।३।३ गतेको पत्रबाट जिल्ला अनुगमन समितिको कार्यालयलाई पत्रबाट अनुरोध गरिएको र मिति २०७८।३।७ गते उत्खनन् परिमाण समावेश गरी तयार गरिएको विवरण उल्लेख गरी कार्यालयबाट सूचना प्रकाशन गरी जानकारी गराइएको थियो ।

८) मिति २०७८/२/२० गते जिल्ला अनुगमन समितिको बैठक बसी एक्साभेटर प्रयोग गर्ने कार्यमा रोक लगाउन निर्देशन दिने निर्णय भइ कार्यालयमा प्राप्त हुन आएकोले सोको पूर्ण रुपमा पालना गराइएको थियो ।

९) गाउँपालिकाबाट ठेक्का लगाइएका पत्रमा उल्लेख भए बमोजिमका नदी किनारका घाटहरुको स्थलगत अनुगमन लगायतका कार्यहरु गर्दा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी मात्रामा नदीजन्य पदार्थ ढुंगा, गिटी, बालुवा, उत्खनन र संकलन भएको कार्यालयबाट तयार गरिएका कागजात र प्रतिवेदनहरुबाट नदेखिएको अवस्था रहेको छ ।

१०) सन्ध्या सन्देश निर्माण सेवा, व्यास न.पा .८, तनहुँले च.नं. ०६२, मिति २०७८।२।२० को निवेदनबाट सामान उठाउने र भण्डारण गर्ने शिलशिलामा स्थानीय प्रशासन र स्थानीय वासीहरुको पटक-पटकको अवरोधको कारण सम्झौता बमोजिमको काम गर्न नसकिएको हुँदा गम्भिर ध्यानाकर्षण भएको र यसबाट फर्मलाई ठुलो आर्थिक भार पर्न गएकोले असहज परिस्थितिको अन्त्य गरी बाधा व्यवधान रहित वातावरण मिलाइदिनु हुन वा म्याद थप वा सो पनि नसकिने भए उचित क्षतिपूर्ति उपलब्ध गराईदिनु हुन भनि कार्यालयमा पत्र प्राप्त हुन आएको छ ।

नरहरि खनाल अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको पत्र संख्या २०७८/०७९, च.नं. PKR-7879-3963, मिति २०७८/०५/१० गतेको राय प्रतिकृया सहित प्रमाणिंत कागजात पठाउने विषयको दोश्रो पत्रमा उल्लेख भए अनुसारका ५ वटा बुँदामा समावेश गरिएका विषय उपर छलफल र समीक्षा गरी निम्नानुसारको निर्णय गरियो ।

१) गाउँपालिकाबाट त्रिशुली र कालीगण्डकी नदीमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन सम्बन्धि बोलपत्र आह्वान गरिएको भन्ने सम्बन्धमा खरिद प्रक्रियासँग सम्बन्धित कागजातहरु माग गरिएको सम्बन्धमाः गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटमा उल्लेख भए बमोजिम आन्तरिक आय संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी गाउँपालिकाबाट स्वीकृत दरलाई आधार मानी प्रचलित कानुनको अधिनमा रही विभिन्न मितिमा गाउँ सभा र कार्यपालिका बैठकका विभिन्न विषयहरुमा निर्णय गरी ई-बिडिङ्ग मार्फत बोलपत्र, पुन: बोलपत्र, शिलबन्दी दरभाउपत्र लगायतका सूचनाहरु आव्हान गरी ठेक्का लगाइ सम्झौता बमोजिम काम गराइएको, सम्झौता बमोजिमको काम कारवाही गर्दा विशेष अवस्थामा आवश्यकतानुसार गाउँ सभा तथा कार्यपालिका बैठकबाट निर्णय गरी सोको कार्यान्वयन गरिएको हुँदा सो सँग सम्बन्धित कार्यालयमा भएका अभिलेख कागजातहरु उपलब्ध गराउने ।

२) आ.व. २०७७/०७८ को गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र कार्यक्रम मध्ये होमस्टे प्रवर्द्धन कार्यक्रमको लागि रु. २,००,०००/- रकम विनियोजन गरी स्वीकृत गरिएको छ । देवघाट ५ रातमाटे स्थित सुनौलो भिलेज सामुदायिक होमस्टेबाट व्यवासायिक सिप ज्ञान सहित क्षमता विकास गर्न चितवन जिल्ला अन्तर्गत मेचौली स्थित होमस्टे सञ्चालन र व्यवस्थापनको अनुभव सिक्न अध्ययन भ्रमणमा जाने कार्यक्रमको मिति २०७७/१२/२२ गते प्रस्ताव सहित अध्ययन पर्व स्वीकृति लिई १ दिनको अध्ययन भर्मणको कार्यक्रममा खर्च भएको रकम पेश हुन आएकोमा खर्च भएको बिलभरपाई बमोजिमको रकमको ५०% रकम मात्र उपलब्ध गराईदिने कार्यक्रमको समिक्षा लगायतका कागजात पेश हुन आएकोमा वार्षिक कार्यक्रममा स्वीकृत गरिएको होमस्टे प्रवर्द्धन कार्यक्रममा विनियोजन गरिएको रकमबाट व्ययभार हुने गरी रु. १४,५००/- उपलब्ध गराउने गरी मिति २०७८/१/६ गतेको कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम मिति २०७८/१/१२ गतेको गोश्वारा भौचरबाट रकम भुक्तानी गरिएको छ ।

३) युवा स्वरोजगार कोष अन्तर्गत गाउँपालिकाबाट भएका कार्यक्रम र खर्च सम्बन्धमाः गाउँपालिका भित्रै आवश्यक रोजगारीको सृजना गरी जनशक्तिलाई विदेश पलायन हुने अवस्थाको अन्त्यको लागि स्वीकृत नीति तथा बजेट कार्यक्रम अनुसार आवश्यक कानुनी व्यवस्था गरी ७०,००,०००/- को एक कोष खडा गरी तोकिए बमोजिमको कार्य प्रक्रिया र निर्णयको आधारमा रकम परिचालन गरिएको छ । कोषको प्रभावकारिताको लागि आवश्यक काम भइरहेको र अन्य किसिमले दुरुपयोग हुने गरी कोषको रकमको प्रयोग नगरिएको अवस्था रहेकोले सो कामकारवाहीसँग सम्बन्धित अभिलेख कागजातहरु सहितको विवरण खुलाई पठाउने ।

क) किस्ता तालिका बनाई ऋणीबाट ब्याज सहितको किस्ता संकलन,

ख) कोभिड-१९ का कारण केही उद्यमीबाट किस्ता रोकिन गएको,

ग) केही उद्यमीरुबाट पुरा चुक्ता समेत भएको,
घ) उद्यमी ऋणीहरुबाट नियमित किस्ता स्वयं उद्यमी ऋणीबाट नै बैंक खातामा जम्मा गर्ने परिपाटी भएको ।
ङ) ऋण लगानी तथा चुक्ता भेंक मार्फत नै गर्ने गरिएको,
च) ऋण चुक्ता अवधी आउँदा फोन मार्फत सचेत गराइएको ।

४) गाउँपालिकाको बजेटबाट फुटबल मैदान निर्माण गरिएको सम्बन्धमा यथार्थ विवरण सहित सम्बन्धित कागजातहरु माग गरिएको सम्बन्धमाः आर्थिक वर्ष २०७७/०७८ को गाउँपालिकाको स्वीकृत कार्य क्रम र बजेटमा वडा नं. १ अन्तर्गत कोटा स्थित खेलमैदान निर्माणको लागि रु. ५,००,०००/- रकम विनियोजन भएकोमा पछि संघीय सरकारको युवा तथा खेलकुद मन्त्रालयबाट रु. २५,००,०००/- सहित कार्यक्रम स्वीकृत भएकोले जम्मा ३०,००,०००/- बजेटको परिधिमा रही उपभोक्ता समिति गठन भइ जनसहभागिताको रकम रु. ७,२७,६०९।८० समेत समावेश गरी रु. ३७,२७,६०९।८० को लागत अनुमानको योजना सम्झौता गरिएको र कामको मूल्यांकनको आधारमा रु. २६,२२,६३५/- रकम भुक्तानी गरिएको छ ।

त्यसैगरी गाउँपालिका अन्तर्गत वडा नं. ५ मा पर्ने भर्जन खोला खेलमैदान निर्माणको लागि गाउँपालिकाको वार्षिक वजेट र कार्यक्रममा रु. ५,००,०००/- (कार्यक्रम पुस्तिका हेरी रुजु गर्नुपर्ने) रकम विनियोजन गरिएकोमा लाभान्वीतहरुबाट उपभोक्ता समिति गठन भइ वडा कार्यालयबाट सम्झौताको लागि सिफारिस भइ नआएको हुँदा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि खामबन्दी दरभाउपत्र कोटेशन लिइ कम मूल्य राखी कबोल गरेको सुनिश्चित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., देवघाट, ५ तनहुँसँग ७८,६२४।०९ (कन्टिन्जेन्सी बाहेक) रकम भुक्तानी हुने गरी सम्झौता गरिएकोमा काम सम्पन्न पछि प्राविधिक मूल्यांकन बमोजिम रु ४,९४,५९६।६२ रकम भुक्तानी गरिएको छ ।

५) गाउँपालिका मार्फत गैर सरकारी संस्थाहरु (NGOs) लाई रकम वितरण गरिएको भन्ने विषयमा यथार्थ तथ्य सहित रकम वितरण गरिएको भए सो सम्बन्धी निर्णय समेतका सम्बन्धित कागजातहरुको सम्बन्धमाः आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक नीति अन्तर्गत "हाम्रो देवघाट, समृद्ध देवघाट" भन्ने नारालाई सफल बनाउन कृषि तथा पशुपंक्षि विकास तर्फ कृषिलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न एक गाउँ एक उत्पादन तथा पकेट क्षेत्रको विकास गरिने र कृषि क्षेत्रमा गैर सरकारी संस्था परिचालन गरिने, विकासको साझेदारीको रुपमा निजी क्षेत्र तथा गैर सरकारी संघ, संस्थालाई समन्वयात्मक रुपमा लागत साझेदारीमा कार्यक्रम गरिने र सो को व्यवस्थापन गर्न कार्यविधि तर्जुमा गरिने उल्लेख गरिएको छ ।

गाउँपालिकाको प्राय सबै भुभाग ग्रामिण क्षेत्रमा पर्ने र अधिकांश व्यक्तिहरुको मुख्य पेशा नै कृषि तथा पशुपालन व्यवसायमा आश्रित भएको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरिएकोभ छ । कृषि र पशुपालनको क्षेत्रमा विगत वर्षमा जस्तै लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना र आय आर्जनबाट आर्थिक अवस्थामा सुधार ल्याउन विभिन्न संघ संस्था, सहकारी तथा गैर सरकारी संस्था सँग सहकार्य र साझेदारीमा उत्पादनमूलक

कार्य गर्नको लागि साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गरिएको र वार्षिक कार्यक्रम र बजेट पुस्तिकामा संघ संस्था सँग आयोजना कार्यक्रममा लागत साझेदारी सहकार्य गर्ने गर्ने शिर्षकमा रु. ५३,००,०००/- रकम विनियोजन भएको र विभिन्न कार्यक्रम सञ्चालन गरिएकोमा मिति २०७७/९/२६ गतेको सातौं गाउँसभाबाट कृषि र पशुपालनको क्षेत्रमा थप उद्यमशिलता कार्यक्रम सञ्चालन गर्नको लागि रु. ३५,००,०००/- थप गरी संसोधन सहित रु. ८८,००,०००/- रकमको व्यवस्था गरी लागत साझेदारीमा निम्नानुसारका कार्यक्रमहरु गरिएको छ ।

क) संघ-संस्थासँग आयोजना कार्यक्रममा लागत साझेदारी सहकार्य गर्ने शिर्षकमा विनियोजन गरिएको रकम मध्ये रु. १४,००,०००/- बाट गाउँपालिकाको वडा नं. १, ४ र ५ को भुभागलाई कार्यक्षेत्र बनाई न्यून आय भएका किसानहरुको कृषि पेशालाई टेवा पुर्याउने उद्धेश्यले विगत वर्षमा जस्तै अर्गानिक वातवरणमैत्री कृषि कार्यक्रम सञ्चालन गर्ने निर्णय अनुसार संस्था छनौटको प्रक्रियामा संस्थाको तर्फबाट रु. ३,७२,०००/- लागत साझेदारीमा काम गर्ने गरी बहुआयामिक स्रोत केन्द्र नेपाल (MRC-NEPAL) छनौट भएकोले गाउँपालिकाको विनियोजित रकम रु. १४,००,०००/- समेत जम्मा रु. १७,७२,०००/- को सम्झौता गरी तोकिएको क्षेत्रमा कार्य सञ्चालन भएको र गाउँपालिकाबाट रु. १४,००,०००/- भुक्तानी भएको

ख) आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत वार्षिक नीति अन्तर्गत कृषि तथा पशु पंछी विकास तर्फ कृषिलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न एक गाउँ एक उत्पादन तथा पकेट क्षेत्रको विकास गरिने र कृषि क्षेत्रमा गैर सरकारी संस्थालाई समन्वयात्मक रुपमा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने र सो को व्यवस्थापन गर्न कार्यविधि तर्जुमा गरिने उल्लेख भए अनुसार गाउँपालिकाबाट साझेदारीमा कार्यक्रम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत भइसकेको छ । गाउँपालिकाका सबै वडाहरुलाई कार्यक्षेत्र बनाई लागत साझेदारीमा कृषि तथा पशु विकास उद्यमशिलताका विभिन्न कार्यक्रम सञ्चालन गर्नको लागि गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको प्रस्ताव स्वीकृत गरी मिति २०७७/१२/२० मा द्धिपक्षीय सम्झौता गरिएको । कृषि तथा पशुपालनको क्षेत्रमा क्षमता विकास गर्दै उन्नत प्रविधिको प्रयोगबाट रोजगारीको अवसर सिर्जना, उत्पादन र आय आर्जन बृद्धिमा टेवा पुर्याउने उद्धेश्यले देवघाट गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार संघ संस्थासँग आयोजना कार्यक्रममा लागत साझेदारी सहकार्य गर्ने शिर्षकमारु. ५३,००,०००/- रकम विनियोजन गरिएकामा सातौं गाउँसभाबाट उक्त शिर्षकमा रु. ३५,००,०००/- रकम थप गरी रु. ८८,००,०००/- रकम व्यवस्था गरी कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रमको लागि हेफर प्रोजेक्ट नेपालबाट पेश गरिएको प्रस्ताव अनुसार गाउँपालिकाबाट ७५ प्रतिशत रकम रु. ५०,००,०००/- र संस्थाको तर्फबाट २५ प्रतिशत रकम रु. १५,४७,५००/- गरी रु. ६५,४७,५००/- रकमको लागि सम्झौता भएकोमा कार्यक्रम सञ्चालनको लागि संस्थाको कार्ययोजना लगायतका कागजात र निवेदनको आधारमा गाउँपालिकाबाट मिति २०७८/०१/१३ मा रु. २५,००,०००/- मात्र पेश्की रकम उपलब्ध गराइएको ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

३. गत विगत आर्थिक वर्ष २०७६/०७७ को जेठ ३० गते देखि आ.व. २०७७/०७८ को मनसुन अवधिभर भारी वर्षको कारण देवघाट गाउँपालिका क्षेत्रमा मनसुनजन्य विपदबाट क्षति भएका घरधुरीहरुको लागि सम्बन्धित लाभग्राहीलाई मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम अनुदान रकम पाउनको लागि यस अघि जिल्ला विपद व्यवस्थापन समिति, तनहुँमा पठाइएका १६ जनाको हकमा आवश्यकतानुसार तोकिएका प्राविधिक कर्मचारी सहित स्थलगत अवलोकनमा गई क्षतिको वास्तविक अवस्था खुल्ने तथ्य सहित प्राविधिक कर्मचारीबाट कार्यविधि अनुसार क्षति र सो बापतको अनुदानको स्तर सम्बन्धमा पुष्ट्याईं कागजात र कार्यप्रक्रिया सहित यथाशिघ्र सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

४. यस आ.व. २०७८/०७९ को अवधिमा मनसुन अवधिमा भएको अविरल वर्षको कारण देवघाट क्षेत्रभित्र विपदजन्य क्षति भई नोक्सानी भएका सबै विषय र क्षेत्रका विवरणहरु वडा स्तरबाट संकलन गरी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त हुन आएका पत्रमा उल्लेख भए अनुसारको ढाँचामा माग बमोजिमको विवरण संकलन र अद्यावधिक गरी उपलब्ध गराउने साथै सो सम्बन्धमा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार हुने गरी सम्भव भए सम्म विभिन्न निकाय/कार्यालय/संघ/संस्था तथा सरोकारवालासँग सहकार्य समन्वय र साझेदारी गरी उद्धार, राहत र पुनर्स्थापना एवं पुनर्निर्माणका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

५. गाउँपालिका क्षेत्रभित्र विभिन्न समयमा आईपर्ने विपदजन्य अवस्थाको सूचना जानकारी संकलन गर्नुपर्ने संवेदनाशिलता हेरी प्राथमिकता निर्धारण स्थानीय स्तरबाट समस्या समाधान स्रोत साधन परिचालन लगायतका अत्यावश्यक उद्धारजन्य कार्य गरी कार्य प्रक्रिया व्यवस्थापन गर्ने तथा वडा समिति, वडा कार्यालय तथा सरोकारवालाहरुको पूर्ण सहभागितामा सम्पुर्ण गतिविधिहरुलाई अद्यावधिक गरी गाउँपालिकामा प्रतिवेदन गर्ने समन्वय गर्ने एवं वडा वा समुदाय स्तरमा निम्नानुसारका पदाधिकारी रहने गरी वडा स्तरीय विपद पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) सम्बन्धित वडाका वडाध्यक्ष | - संयोजक |
| ख) वडामा प्रतिनिधि गर्ने राजनैतिक दल प्रमुख तथा प्रतिनिधि | - सदस्य |
| ग) सम्बन्धित वडाको प्रविधिक कर्मचारी | - सदस्य |
| घ) सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख | - सदस्य |
| ङ) सुरक्षा निकाय प्रमुख | - सदस्य |
| च) वडा सचिव | - सदस्य सचिव |

६. यस मनसुन अवधिमा भएको अविरल वर्षाको कारण गाउँपालिकाको क्षेत्रभित्रका ग्रामिण मोटर मार्गमा क्षति हुन गई आवागमन हुन नसकी अत्यावश्यक आवतजावतमा समस्या भएको बिरामीलाई उपचार गराउन कठिन भएको तथा नजिक आएका चाडपर्वहरुलाई ध्यानमा राखी वडा क्षेत्र भित्रका आवागमन हुन नसक्ने खण्ड र मुख्य बाटोको मर्मतको लागि प्रविधि सहित स्थलगत अनुगमन गरी वडा समितिको बैठक बसी प्राथमिकताको आधारमा न्यूनतम दररेटमा मेशिन लगाई काम गर्दाको समय हेर्ने जिम्मा लगाई प्राविधिक ल.ई. बमोजिम काम गराउने र काम सम्पन्न पश्चात भुक्तानीको लागि पठाउन अनुगमन समितिबाट अनुगमन गरेको प्रतिवेदन तथा मूल्यांकन र वडा कार्यालयबाट सिफारिस सहित मर्मत सम्भार कोषमा सिमित रकम भएकोले सामुदायिक वन लगायतका

संघ/संस्था/समितिसँग लागत साझेदारीमा काम गर्ने गरी आवश्यक व्यवस्था मिलाउन वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

७. यस देवघाट गाउँपालिकामा खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा कार्य गर्नका लागि यूनिसेफ नेपालबाट रकम प्राप्त भएकोमा विश्वमा फैलिएको कोभिड-१९ तथा प्राकृतिक विपत्तीका कारण तोकिएको समयामा नै कार्यक्रमहरु गर्न नसकिएकोले थप दुई महिनाका लागि म्याद थप गरिदिन युनिसेफ नेपालसँग अनुरोध गर्ने निर्णय गरियो ।

८. देवघाट गाउँपालिका वडा नं. ५ स्थित श्री चक्रवर्ती आ.वि. को संरचना शालीग्राम करिडोर मो.मार्गको क्षेत्रभित्र पर्ने भएकोले मार्ग निर्माणका क्रममा उक्त विद्यालयको संरचना भत्कन सक्ने भएकोले सो को आवश्यक समन्वय तथा पुनर्निर्माणका लागि वैकल्पिक व्यवस्था गर्ने निर्णय गरियो ।

९. आ.व. २०७७/०७८ मा सबै स्वास्थ्यकर्मीलाई कोरोना जोखिम भत्ता उपलब्ध गराइएकोमा यस आर्थिक वर्ष श्रावण महिना देखि तपशिल अनुसारको कोरोना जोखिम भत्ता अर्को व्यवस्था नभए सम्मको लागि कोरोना कोषबाट उपलब्ध गराउने निर्णय गरीयो ।

**तपशिल:**

क) ल्यावमा खटिने, स्वाब परीक्षणको लागि स्वाब निकाल्ने काममा खटिने स्वास्थ्यकर्मीलाई तलव स्केलको ५०% (पचास प्रतिशत) रकम उपलब्ध गराउने ।

ख) आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीलाई तलव स्केलको ५०% (पचास प्रतिशत) रकम र आइसोलेसनमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य जनशक्तिलाई खाना, खाजा बापत दैनिक रु. ३५०/- उपलब्ध गराउने ।

१०. देवघाट गाउँपालिका अन्तर्गतका विभिन्न बर्थिङ्ग सेन्टरमा चौबिसै घण्टा काम गर्ने स्वास्थ्यकर्मीलाई सट्टा बिदा बापतको रकम भुक्तानी गर्न नसकिएको खण्डमा सुत्केरी डेलिभरी गराए बापत प्रति सुत्केरी केस बराबर रु. १०००/- का दरले १ जना स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत